नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

☎ ०८३-५२०१२१
५२०१२२
फ्याक्स नं.: ५२०३११

visit nepal 2020
VISIT Nepal Year 2020
वीरेन्द्रनगर

पत्र संख्या : ०७४/०७५ (प्रशासन)
चलानी नम्बर : ८१०३

मितिः २०७६।०३।०४

विषयः सूचना ।

श्री गाउपालिका र नगरपालिका सबै ।
सुर्खेत ।

प्रस्तुत विषयमा सशस्त्र द्वन्द्वको कारण मृतक र बेपत्ता पारिएका व्यक्तिहरूको हकदारहरूलाई राहत उपलब्ध गराउने सन्र्दभमा तपसिल बमोजिमको प्रक्रिया पुऱ्याई सम्पूर्ण कागजातहरू सहित मिति २०७६।०३।०४ देखि २०७६।०३।१० गते भित्र यस कार्यालयमा सर्म्पकको लागि सो स्थानीय तहका सम्वन्धित व्यक्तिहरूलाई सूचना पुग्ने गरी आफ्नो मातहतका वडा कार्यालयहरूमा पत्राचार गरिदिनुहुन समेत आदेशानुसार अनुरोध छ ।

तपसिल :

क) मृतक तथा वेपत्ताको हकमा :

१. हाल स्थायी वसोवास गरी आएको वडा कार्यालयको सिफारिस पत्र
२. हकदारको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी (नाबालकको हकमा जन्मदर्ता र संरक्षकको नेपाली ना.प्र.प. को प्रतिलिपी)
३. मृतक तथा वेपत्ता व्यक्ति र हकदार बिचको नाता प्रमाणित (नाबालकको हकमा नाबालक र संरक्षकको नाता प्रमाणित)
४. हकदार बालिग भईसकेको अवस्थामा नागरिकताको प्रमाणपत्र नै पेश गर्नुपर्ने ।
५. हकदारको पास्पोर्ट साइजको फोटो २ प्रति (नाबालकको हकमा संरक्षकको पनि २ प्रति फोटो)
६. बैंक खाता नम्बर (चेक बुकको पानाको प्रतिलिपी), यदि यस अधि राहत रकम भुक्तानी लिएको भए बैंक खाताको स्टेटमेन्ट ।

२०७६।०३।०४

पुनश्च :

१) वडा कार्यालयले सिफारिस गर्दा उल्लेख गर्नुपर्ने कुराहरू यसै पत्र साथ संलग्न राखी पठाइएको छ ।

उत्तम शर्मा
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

## वडा कार्यालयहरूले सिफारिस गर्दा उल्लेख गर्नुपर्ने कुराहरू :

१) मृतक वा वेपत्ताको हकमा सिफारिस गर्दा उक्त व्यक्ति विवाहित वा अविवाहित खुलाई पठाउने । यदि सो व्यक्ति विवाहित भएमा निजको एक भन्दा बढी पत्नी भए सबैलाई हकदार कायम गर्ने ।

२) मृतक वा वेपत्ताको हकदार पति वा पत्नीको मृत्यु वा अन्यन्त्र दोश्रो विवाह गरी गएको खण्डमा निजहरूबाट जायजन्म भएका छोरा र अविवाहित छोरीहरूलाई समान हकदार कायम गर्ने ।

३) मृतक वा वेपत्ता व्यक्ति अविवाहित भए निजको नजिकको हकदार आमाबुबा कायम गर्ने वा आमाबुबाको पनि मृत्यु भईसकेको अवस्थामा निजको दाजुभाई वा अविवाहित दिदीबहिनीलाई समान हकदार कायम गर्ने ।

४) एक भन्दा बढी समान हकदार भएमा सबैको नाम तथा नाता उल्लेख गरी सबैलाई हकदार कायम गरी नाता प्रमाणित गरी पठाउने ।

२०७६।०८।०४

उत्तम शर्मा
प्रशासकीय अधिकृत

## अनुसूची ३

(उपदफा ७.१ संग सम्वन्धित)

मृतकको नजिकको हकदारले आर्थिक सहायताका लागि दिने निवेदन

मिति :

**विषय : आर्थिक सहायता उपलब्ध गराई पाउँ ।**

**श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय,**
**सुर्खेत ।**

सशस्त्र द्वन्द्वको कारण मृत्यु भएका देहायको विवरण अनुसारका व्यक्तिको म नजिकको हकदार भएकोले निम्नलिखित कागजात संलग्न गरी नेपाल सरकारबाट उपलब्ध गराउने आर्थिक सहायता उपलब्ध गराइदिनुहुन निवेदन गर्दछु ।

मृतकको नाम, थर :
ठेगाना :
मृत्यु भएको मिति :
मृत्यु भएको स्थान :

**निवेदक** :
दस्तखत :
नाम, थर :
ठेगाना :
सम्पर्क नं. :
मृतकसँगको नाता :

**नाबालक हकदारको हकमा संरक्षकले निवेदन दिँदा माथिको विवरणमा दस्तखत बाहेक अन्य विवरण सम्वन्धित नाबालकको उल्लेख गरी संरक्षकको विवरण तल उल्लेख गर्ने ।**

संरक्षकको :
दस्तखत :
नाम, थर :
ठेगाना :
नाबालकसँगको नाता :

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१. नेपाली नागरिकताको प्रमाणपत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र र निजको संरक्षकको नागरिकताको प्रमाणपत्र)
२. नाता प्रमाणित पत्र ।
३. सम्वन्धित गाउँपालिका वा नगरपालिकाकाबाट नाबालकको संरक्षक भएको व्यहोरा प्रमाणित गरेको कागजात (नाबालकको हकमा संरक्षकले निवेदन गर्दा मात्र)
४. २ प्रति हालसालै खिचेको फोटो (नाबालकको हकमा नाबालक र संरक्षक दुवैको २/२ प्रति)
५. मृतकको मृत्युदर्ता प्रमाणपत्र (उपलब्ध भएसम्म) वा मृत्यु प्रमाणित पत्र

## अनुसूची ३

(निर्देशिका दफा ६ को उपदफा ६.१ संग सम्वन्धित)

वेपत्ता पारिएको व्यक्तिका नजिकको हकदारले राहतका लागि दिने निवेदन

मिति :

**विषय : राहत उपलब्ध गराईपाउँ ।**

**श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय,**
**सुर्खेत ।**

सशस्त्र द्वन्द्वको कारण वेपत्ता पारिएको देहायको विवरण अनुसारका व्यक्तिको म नजिकको हकदार भएकोले निम्नलिखित कागजात संलग्न गरी नेपाल सरकारबाट उपलब्ध गराउने राहत उपलब्ध गराइदिनुहुन निवेदन गर्दछु ।

वेपत्ता पारिएको व्यक्तिको नाम, थर :
ठेगाना :
वेपत्ता भएको मिति :
वेपत्ता भएको स्थान :

**निवेदक** :
दस्तखत :
नाम, थर :
ठेगाना :
सम्पर्क नं. :
वेपत्ता पारिएको व्यक्ति सँगको नाता :

**नाबालक हकदारको हकमा संरक्षकले निवेदन दिँदा माथिको विवरणमा दस्तखत बाहेक अन्य विवरण सम्वन्धित नाबालकको उल्लेख गरी संरक्षकको विवरण तल उल्लेख गर्ने ।**

संरक्षकको :
दस्तखत :
नाम, थर :
ठेगाना :
नाबालकसँगको नाता :

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१. नेपाली नागरिकताको प्रमाणपत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र र निजको संरक्षकको नागरिकताको प्रमाणपत्र)
२. नाता प्रमाणित पत्र ।
३. सम्वन्धित गाउँपालिका वा नगरपालिकाकाबाट नाबालकको संरक्षक भएको व्यहोरा प्रमाणित गरेको कागजात (नाबालकको हकमा संरक्षकले निवेदन गर्दा मात्र)
४. २ प्रति हालसालै खिचेको फोटो (नाबालकको हकमा नाबालक र संरक्षक दुवैको २/२ प्रति)